सुरुङ्गा नगरपालिका, ससरी                    कार्यपालिका बैठक                    २०८२।०४।२३

प्रस्तावहरु:

१. वडा नं. ५ मा स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।

२. वडा नं. ३ मा स्वांस्थ्य चौकी भवन निर्माण सम्वन्धमा ।

३. वडा नं. ८ मा स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा ।

४. कुशहा वेल्ही सडक क्षेत्राधिकार सम्वन्धमा ।

५. कडरवोना रौतहट सडक क्षेत्राधिकार सम्वन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं.१ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ५ मा स्वास्थ्य चौकी भवन नरहेको तथा उक्त वडा अन्तर्गतका वासिन्दालाई स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउनको लागि सो वडामा रहेको सार्वजनिक जग्गा कुशहा ९ क कि.नं. ११३ क्षे.०-५-० जग्गामा स्वास्थ्य चौकी भवन निर्माण गरिने निर्णय गरियो ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी भवन नरहेको तथा उक्त वडा अन्तर्गतका वासिन्दालाई स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउनको लागि सो वडा नं. ३ मा स्वास्थ्य चौकीको नाउँमा रहेको जग्गा दौलतपुर ९ क कि.नं. ६९४ क्षे.०-८-१० जग्गामा स्वास्थ्य चौकी भवन निर्माण गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ८ मा आफ्नै स्वास्थ्य चौकी भवन नरहेको तथा उक्त वडा अन्तर्गतका वासिन्दालाई स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउनको लागि उक्त वडाको वडा नं. ८ को मल्हनमामा रहेको सार्वजनिक जग्गामल्हनमा ३ क कि.नं.१ क्षेत्रफल ०-५-० जग्गामा स्वास्थ्य चौकी भवन निर्माण गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कुशहा वेल्ही सडकको सडक क्षेत्राधिकार (Right of Way) ३० मिटरभित्र अव नयाँ स्थायी संरचना निर्माण गर्न नदिने र सडकको केन्द्र विन्दुवाट ७.५/७.५ मिटर दुवैपट्टी सडक निर्माण कार्य गर्ने गराउने सर्वसम्मतिवाट निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कडरवोना रौतहट सडकको सडक क्षेत्राधिकार (Right of Way) ३० मिटरभित्र अव नयाँ स्थायी संरचना निर्माण गर्न नदिने र सडकको केन्द्र विन्दुवाट ७.५/७.५ मिटर दुवैपट्टी सडक निर्माण कार्य गर्ने गराउने सर्वसम्मतिवाट निर्णय गरियो ।